# बौद्ध संस्कृतिमा सम्यक् महोत्सव र राजाको स्थान

*– केदार शाक्य*

सम्यक्महादान बौद्ध संस्कृतिको एउटा विशिष्ट परम्परा हो । यसलाई नेपालको आफ्नै परम्परा र संस्कृतिभित्र समेटेर हेर्न सकिन्छ । बुद्ध धर्म संस्कृतिमा दानको ठूलो महत्व छ । पञ्चदान दानपर्व पनि हो । सम्पूर्ण प्राणीजगत्को हितसुख कल्याणको लागि महादान गर्ने चलन छ । स्वयम्भू भगवान् बुद्ध र अतीतकालीन बुद्धहरूको प्रतिनिधिस्वरूप दीपङ्कर बुद्धलाई सर्वोपरिस्थानमा राखी अन्न गेडागुडी, फलफूल र खिर भोजनदान गर्ने परम्परा छ ।

बुद्ध धर्मलाई जगत् हितका लागि निरन्तर चलाउने र यस कार्यमा निरन्तर लागिरहने आर्य भिक्षुसंघ, गुरु-बज्राचार्य र शाक्य-भिक्षु आदिलाई अन्न गेडागुडी र द्रव्य आदि दानको रूपमा दिइन्छ ।

बौद्धग्रन्थ बोधिसत्व अबदानअनुसार यस किसिमको दानलाई पञ्चदान भनिन्छ । ‘पँ’को अर्थ पृथ्वीमा ‘ज’को अर्थ उत्पन्न भएको पलेस्वाँ अथवा कमलको फूल र अन्न फलफूल हो । त्यसैले पृथ्वीमा उत्पन्न अन्न फलफूल आदि बस्तुहरू ककुच्छन्द बुद्ध र दिपङ्कर बुद्धहरूलाई दिइने दानलाई नै पँचदान भनिएको हो ।

आर्य संघलाई दिइने भोजनको नाम पुण्यजाबाट पनि यो दानलाई पुण्यजादान भनिएको हो । सम्यक् भोजनदानको प्रसङ्ग गौतमबुद्ध गयाको उरुवेल वनमा ध्यान मग्न हुनुभएको बेला सेनानी निगमकी सुजाताले खीर भोजनदान दिएपछि बुद्धत्व-लाभ भएको घटनालाई स्मरणगरी पुण्य कमाउने हेतुले दानपात्रमा साखेर खीर भोजन दिने प्रचलन बसेको हो । सुन, चाँदी, तामा, फलाम, माटाको पिण्डपात्रमा खीर भोजन राखी श्रद्धापूर्वक सम्यकसम्बुद्ध भगवान् र आर्य संघलाई दान दिएको खण्डमा दातालाई अपरिमित पुण्यफल प्राप्त हुन्छ भन्ने बौद्ध विश्वास छ । दिपङ्कर आदिबुद्ध भएकाले यो सम्मान सर्वप्रथम दिइन्छ ।

बुद्ध बोधिसत्वहरूले सम्पूर्ण प्राणीजगत्को हितमा सदासर्वदा कल्याणकारी भावनाले चिन्तन गर्दछन् । राजाले पनि सम्पूर्ण देशबासीको हितमा सदासर्वदा चिन्तन मनन गर्नुपर्ने हुन्छ । जनताको सुखदुखमा हेरविचार गर्ने राजा बुद्ध बोधिसत्वहरूको पर्यायवाची मानिन्छ । बुद्ध धर्मले राजालाई बोधिसत्वको रूपमा मान्दछ । यही कारण सम्यक्महादान महोत्सवमा राजालाई प्रतिनिधिको रूपमा बिराजमान गराई सत्कार गर्ने प्रचलन रहेको हो । राजारानीलाई त्यस महोत्सवमा सरिक गराउनाले महादान पर्वको साक्षीको रूपमा हेरिन्छ । नेपालमा यस किसिमको महादानपर्वको इतिहासलाई हेर्दा बुद्धकालीन समाज र राजपरम्परामा अत्यन्त लोकप्रिय रहँदै आएको छ । दान दिने र लिने प्रचलन बुद्ध बोधिसत्वहरूको परम्परा हो । जसले आफ्नो जीवनकालमा कमाईको केही हिस्सा दान गर्दछ त्यसको पुण्यफल उसले आफै उपभोग गर्न पाउँछ । यो बुद्ध वचन हो । दान गर्ने वस्तु ठूलो होस् या सानो दान गर्दा शुद्धचित्तले गरिएको हुनुपर्दछ । त्यसैले सम्यक् भनिएको हो । सानो वस्तु दान गर्दा पनि ठूलो पुण्य लाभ भएको थुप्रै उदाहरण बौद्धसंस्कृतिमा छ । राजाको कोखमा जन्मलिनु र राजा हुनलाई पनि अघि आफूले पुण्यसञ्चय गरेको हुनुपर्दछ । गौतम बुद्धले पनि अतीतकालमा असङ्ख्य दानपुण्यकार्य गरेका थिए ।

नेपालमा लिच्छविकालमा यो सम्यक्दान परम्परा निकै प्रचलित थियो । राजा बृषदेवको समयमा चाबहिलको धन्यचैत्यको अभिलेखबाट यसको एक उदाहरणका रूपमा लिइन्छ । त्यस चैत्यको अभिलेखअनुसार एकजना बौद्ध महिलाले श्रद्धापूर्वक चैत्य निर्माण गरी किन्नरी जातक उत्कीर्ण गर्न लगाएको प्रसङ्गबाट बुद्धका उपदेशहरूलाई भविष्यका लागि सुरक्षित गरिएको स्पष्ट हुन्छ । मध्यकालमा आएर पनि राजा शिवदेब प्रथमले नन्दिसाला बिहार बनाई आर्यभिक्षु संघलाई दानप्रदन गरेको स्पष्ट हुन्छ । अष्टसहस्रिका प्रज्ञापारमितामा उल्लेख भए अनुसार नेपाल संवत् १३५ मा राजा भोजदेव, रुद्रदेव र लक्ष्मीकामदेवको संयुक्त शासनकालमा विहार प्रतिस्थापना गरी सम्यक् उत्सव गरेको वर्णन छ ।

नेपाल संवत् ५०२ तिर राजा जयस्थिति मल्लका महामन्त्री जयसिंहरामवर्द्धनका भाइ मदनरामसिंवर्द्धनले भिक्षु आरजयनबाट निर्मित दिपङ्कर तथागतको प्रतिमा पारावर्त महाबिहार ।(इतुंबहाल)मा प्रतिस्थापन गरेका थिए । नेपाल संवत् ६६५ ताका राजा नरेन्द्र मल्लको पालामा कान्तिपुर वटुटोलका तोयौजुले दिपङ्कर बुद्धको सुवर्णमय मूर्ति निर्माण गरी आफ्नो बिहारमा स्थापना गरिएको उपलक्ष्यमा सम्यक्दान र भोजन परम्परा चिरस्थायीको कामना गरी गुठीको व्यवस्था गरिएको थियो । यसरी समय समयमा सम्यक्दान परम्परालाई चिरस्थायी बनाउन दानपतिहरूले पुण्य सञ्चय गरी आएको थुप्रै दृष्टान्त छ । नेपालमा खासगरी नेवार बौद्धहरूमा यस किसिमको सम्यक्दान गर्ने परम्परा छ । सम्यक् गुठीले काठमाडौं, ललितपुर र भक्तपुरमा बेग्लाबेग्लै सम्यक् महोत्सव आयोजना गर्दछ । यस अतिरिक्त ऐच्छिक सम्यक्दान गर्ने चलन पनि छ । काठमाडौं उपत्यकामा सम्यक् महादान गर्ने समय फरक छ ।

– काठमाडौंमा बान्ह वर्षमा एक पटक

– ललितपुरमा पाँच वर्षमा एक पटक इलन्हे सम्यक्दान

– भक्तपुरमा एक वर्षे सम्यक्दान ।

काठमाडौंमा सम्यक्महादान गुठीले माघ सङ्क्रान्तिका दिन स्वयम्भू भुईंखेलमा सम्यक्दान र भोजन आयोजना गर्दछ । राष्ट्रनिर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नुअघिसम्म काठमाडौंको इतुंबहा, वटुबहा र लगँबहा तीनवटा बिहार मिलेर प्रत्येक चार वर्षमा एक पटक पालैपालो आयोजना गरिन्थ्यो । त्यसपछि केही समय सम्यक् महोत्सव भएन । श्री ५ पृथ्वीनारायण शाहले यो कुरा थाहा पाएर गुठियारहरूलाई बोलाई पान फुल सुपारी भनी एक एक रुपियाँ दण्ड जरिवाना गरेका थिए । यसबाट के बुझिन्छ भने श्री ५ पृथ्वीनारायण शाह धर्मसंस्कृतिका परम्परालाई कायम गरी चिरस्थायी बनाउन चाहिबक्सन्थ्यो । नेपालको भौगोलिक र राजनीतिक एकीकरणलाई धार्मिक र सामाजिक मूल्यमान्यताले नै सबल बनाउन सक्तछ भन्ने कुराको मौसुफलाई राम्रो ज्ञान थियो । यही आधारमा शाहकालमा आएर पनि यो सम्यक्महादान पर्व अबिच्छिन्न रूपमा चलिरहेको छ । पछि गुठियारहरूले श्री ५ पृथ्वीनारायण शाहसँग १२ वर्षमा एकपटक सम्यक् महोत्सव गर्न पाए हुन्थ्यो भनी बिन्ती गरेपछि नयाँ चलन अनुसार प्रत्येक १२ वर्षमा एक पटक सम्यक्दान गर्ने परम्परा गुठियारहरूले चलाए । यही परम्परा अनुसार श्री ५ वीरेन्द्रको राज्यकालमा मौसूफ दुई पटक भुइँखेलको सम्यक् महोत्सवमा सवारी भएको थियो ।

ललितपुरमा प्रत्येक पाँच वर्षमा एकपटक हिरण्यवर्ण महाविहार सम्यक्दान गुठीले इलन्हे (नागबहालमा) फाल्गुणशुक्ल तृतीया र चतुर्थीमा आयोजना गर्दछ । त्यस्तै भक्तपुरमा प्रत्येक वर्ष माघ सङ्क्रान्तिको दिन थथुबही भुइँखेलामा सम्यक्दानको आयोजना हुन्छ ।

**ऐच्छिक सम्यक्दान**

ऐच्छिक सम्यक्दानको सिलसिलामा लसता अथवा ऐच्छिक सम्यक्दान नेपाल संवत् ५९९ मा दानपति अमृतसिंहले दीपङ्कर तथागतको प्रतिमा बनाई पाटन तःबहालमा आयोजना गरेका थिए । त्यस्तै नेपाल संवत् ६६५ मा काठमाडौं वटुबहालका तोयौजुले तिब्बतबाट कमाई ल्याएको सम्पत्तिको केही हिस्साबाट विधिवत सम्यक्दान सम्पन्न गरी दिशा संघ महाभोज्य सम्यक् गुठी स्थापना गरेका थिए । उनले राजा महेन्द्र मल्ललाई अग्रस्थानमा राखी सम्मानप्रदान गरेका थिए । नेपाल संवत् ९५४ मा हिरण्यवर्ण महाविहार इलन्हे निवासी शाक्यवंश भाजु धनसिंहले श्री ५ राजेन्द्र र प्रधानमन्त्री भीमसेन थापासहित प्रमुख व्यक्तिहरूलाई उपस्थिति गराई लगनखेलमा सम्यक्दान महोत्सव सम्पन्न गरेका थिए ।

नेपाल संवत् ९९८ मा हिरण्यवर्ण महाविहारका संघ सदस्य इलन्हे निवासी शाक्यवंश धाख्वा दानपति मुनिधन, धीर्जमुनि, कुवेरमुनि, स्पर्शमुनि, देवमुनि, मातामेजुधनले श्री ५ सुरेन्द्रलाई लगनखेलमा उपस्थित गराई सम्यक्महादान गरेका थिए । भक्तपुर क्वठण्डौटोल दीपङ्कर बिहारका दानपति शाक्यभिक्षु नरसिंहले

नेपाल संवत् १०४४ मा श्री ५ त्रिभुवनलाई निमन्त्रणा गरी सम्यक्दान र संघ भोजन गराएका थिए । नेपालमा सम्यक् महादानको परम्परा विभिन्न समयमा श्रद्धालुदाताहरूको इच्छाअनुसार निरन्तर चलिरहेको छ । यसलाई गरिमामय बनाउन तत्कालीन राजालगायत शासन व्यवस्थाका प्रमुखहरूलाई सम्मानपूर्वक उपस्थित गराई सम्यक्महादान परम्परालाई निरन्तरता दिने काम भएको छ । यस कार्यमा आ-आफ्नो ठाउँबाट सबैले सहयोग गर्दै आएका छन् । सम्यक् भोजनदानमा आवश्यक पर्ने सरसामान जुटाउन सहयोग गर्नेहरूलाई पनि दानको पुण्य मिल्ने विश्वास छ । यही आधारमा गुठीका सम्बन्धित सबैले यस पुण्यकार्यमा सहयोग गर्दछन् ।

यसपटक २०५८ माघ सङ्क्रान्तिका दिन बालाजु चक्रपथ कोतधुकु निवासी दानपति रामकुमारी मानन्धरले श्री ५ ज्ञानेन्द्रलाई सम्मानपूर्वक निमन्त्रणा पठाईव काठमाडौंको भुईंखेलमा सम्यक् महादान सम्पन्न गरिन् ।

सम्यक्महादानमा यस पटकका केही विशेषता उल्लेखनीय छन् । यसअघि २००८ सालमा राष्ट्रपिता श्री ५ त्रिभुवनलाई अग्रस्थानमा विराजमान गराई ऐच्छिक सम्यक् महादान सम्पन्न भएको थियो । यस पटक आधा शताब्दीपछि श्री ५ ज्ञानेन्द्रलाई अग्रस्थानमा विराजमान गराई ऐच्छिक सम्यक्महादान सम्पन्न गरिएको छ । निमन्त्रणामा विश्वशान्तिको लागि र सम्पूर्ण नेपाली जनताको सुख-समृद्धि र कल्याण कामना गरी सम्यक्महादान गरिएको कुरा राजालाई पठाइएको निमन्त्रणा पत्रमा उल्लेख छ । राजालाई पठाइएको निमन्त्रणापत्र ताम्रपत्रमा नेपाल भाषामा लेखिएको छ । निमन्त्रणापत्र चढाउन धार्मिक जुलुससहित नारायणहिटी राजदरबार जाँदा धिमेबाजा, गुँलाबाजा र शाही सैनिक ब्याण्डबाजा प्रयोग भएको थियो । असोज १ गते राजालाई ग्वेदाँ अथवा निमन्त्रणा दिइएको थियो ।

सम्यक्भोजनमा स्वयम्भू भगवान्बुद्ध, काठमाडौं, भक्तपुर र ललितपुरका बाहाबहीका दीपङ्कर तथागतको प्रतिमा, तारा लगायतका विभिन्न देवदेवीहरूलाई सम्यक् भोजनस्थलमा बिराजमान गराइएको थियो । यस्तै गोरखा मनकामना भगवती, साँखु बज्रयोगिनी, फर्पिङ, खड्गयोगिनी, काभ्रे नमोबुद्ध र पलान्चोक भगवती, गुह्येश्वरीलगायत नाला सृष्टिकान्त लोकेश्वर, चोभार आनन्दी लोकेश्वर, ललितपुरका पद्मपाणि लोकेश्वर र काठमाडौं अमोघपास लोकेश्वरलाई निम्त्याइएको थियो ।

चौरासी व्यञ्जनसहित राजालाई सम्यक् भोजन चढाइएको थियो । राजाको अगाडि राखिएको थायभूमा असनका तुलाधरहरूले पात बिच्छ्याएका थिए । नरदेवीका तुलाधरले भुजा, इटुं बहालका शाक्यहरूले मुलाको दाल, बाँगेमुढाका कँसाकारले रोटी, केल टोलका कँसाकारहरूले बाऱ्है प्रकारका दाल, ज्याठाका प्रजापतिहरूले पाला, झोछेँका बनियाहरूले सखरपानी, वटु र ज्याबहालको शाक्यहरूले दूध, भैँडासिका शिलाकारहरूले रोटीहरू चढाएका थिए । श्री ५ ज्ञानेन्द्र सम्यक्मण्डप भुईंखेल सवारी हुँदा मरुटोलका ताम्राकारहरूले पञ्चताल बाजा बजाएर मौसुफको स्वागत गरेका थिए । सम्यकमहोत्सवमा यसरी परम्परागत रूपमा आफ्नै किसिमको साँस्कृतिक परम्परा पनि थपिएको छ । यद्यपि बुद्ध धर्मले परम्परागत साँस्कृतिक प्रचलनलाई भन्दा बुद्धका अमृतवचनलाई चिरस्थायी बनाउने कार्यलाई महत्व दिन्छ । सम्यक्महादानले यसै प्रचलनलाई निरन्तरता दिएको छ ।